# लमजुङ जिल्लाको  जिल्ला सभाको पहिलो बैठक सम्पन्न

लमजुङ जिल्लाको जिल्ला सभाको पहिलो बैठक जिल्ला सभाका जेष्ठ सदस्य एंव बेशिशहर नगर कार्यपालिकाका प्रमुख श्री गुमानसिं अर्याल ज्यूको अध्यक्षतामा सम्पन्न भएको छ । ४ वटा नगरपालिका र ४ वटा गाउँपालिकाका प्रमुख र उप प्रमुख गरी १६ जना सदस्य रहने जिल्ला सभाको पहिलो बैठकले संवैधानिक व्यवस्था बमोजिम ९ सदस्यीय समन्व्य समिति गठन गर्ने निर्णय गरेको छ । बैठक सुरु हुनुभन्दा अगाडी जिल्ल सभाका सदस्यहरुलाई जिल्ल समन्वय समितिले एक औपचारिक कार्यक्रम मार्फत बधाई तथा शुभकामना समेत व्यक्त गरेको थियो । स्थानीय विकास अधिकारी श्री डिल्लीराम सिग्देल ज्यूले माला लगाएर सबै निर्वाचित प्रतिनिधिहरुलाई स्वागत एंव सम्मान गर्नुभएको थियो । सो अवसरमा जिल्लामा क्रियाशिल राजनैतिक दलका प्रमुख एंब प्रतिनिधिहरुले पनि शुभकामना तथा बधाई ज्ञापन गर्नुधएको थियो । कार्यक्रम आफ्नो धारणा राख्दै नेकपा माओवादी केन्द्रकी नेतृ मधुमाया अधिकारीले लामो समयपश्चात स्थानीय स्तरमा निर्वाचित प्रतिनिधिहरुले जनताका घर दैलोमा पुगेका सबै अधिकार र हकहरुलाई राम्रो संग स्थापित गर्नेकार्यमा प्रेरणा मिलोस भन्ने शुभकामना व्यक्त गर्नुभयो । सोही कार्यक्रममा आफुनो धारण राख्दै नेकपा एमालेका जिल्ला अध्यक्ष श्री धनन्जय दवाडीले निर्वाचित जनप्रतिनिधिहरुको कार्यशैलीले स्थानीय लोकतन्त्रको भविष्य निर्धारण गर्ने भन्दै सुक्ष्म रुपमा जनचाहना बुझी आफ्ना कार्य र निर्णयहरु गर्न गराउन सबै जनप्रतिनिधिहरुलाई आग्रह गर्नुभयो । नेपाली काँग्रेस सचिव हरि बरालले जनताको चाहना अधिक र स्रोत साधन कमी भएकाले दुवैलाई व्यवस्थापन गरेर अगाडी बढ्ने प्रेरणा मिलोस भन्ने कामना गर्नुभयो । निमित्त प्रमुख जिल्ला अधिकारी श्री तीर्थ बहादुर अधिकारीले कर्मचारी समायोजनमा कुनै कसर बाकी नराख्ने भन्दै हाल मौजुदा कर्मचारीलाई अधिकतम परिचालन गरी सेवा सुविधा छिटो छरितो बनाउने तर्फ आफूहरु अग्रसर रहेको विचार व्यक्त गर्नुभयो । कार्यक्रममा राष्ट्रिय अनुसन्धानका प्रहरी नायब उपरीक्षक बासु कलाउने तथा जिल्ला समन्वय समितिका कर्मचारीहरुको उपस्थिती रहेको थियो । कार्यक्रमको सहजीकरण जिससका कार्यक्रम अधिकृत मेघेन्द्र पोखरेलले गर्नुभएको थियो ।